

# भूकम्प आउँदाको तयारी गरौँ

- ☐ फर्निचरलाई हलचल हुन नदिने



- ☐ झटपट लिएर भाग्ने झोला तयार राखे




- ☐ पानी तथा खाधान्नको सञ्चिति




- ☐ आश्रय स्थल या आश्रय मार्गको निश्चय गर्ने



- ☐ कम्पन सेन्सरवाला करेन्ट ब्रेकर जडान




- ☐ भवनहरूलाई भूकम्पीय प्रबलीकरण



**आफू तथा आफ्ना महत्त्वपूर्ण मानिसको जीवन रक्षा गर्नका निमित्त, अहिलेदेखि नै तयारी गरी राखौँ**

(सम्प्रेषण को सर्त)

## नान्खाइ ट्रफ भूकम्प सम्बन्धी अस्थायी जानकारी

- ■नान्खाइ ट्रफ किनारामा असामान्य परिघटना अवलोकन या मापन भएर, उक्त परिघटना नान्खाइ ट्रफ किनार अन्तर्गतको ठूलो स्तरको भूकम्पसँग सम्बन्धित छ छैन छानबिन गर्न सुरुवात गरिएको खण्डमा वा छानबिन भइरहेको खण्डमा
- ■अवलोकन या मापन गरिएको असामान्य परिघटनाको छानबिन नतिजा सम्प्रेषण गर्दा

की-वर्ड

| | |
|---|---|
| छानबिन भइरहेको | ■अवलोकन या मापन गरिएको असामान्य परिघटनाहरू, नान्खाइ ट्रफ किनाराको ठूलो स्तरको भूकम्पसँग सम्बन्धित छ छैन छानबिन गर्न सुरु गरिएको खण्डमा, वा छानबिन चलिरहेको खण्डमा |
| महाभूकम्प प्रति सतर्क | ■नान्खाइ ट्रफ किनाराको पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्र भित्रको टेक्टोनिक प्लेटको सिमानामा M8.0 वा सो भन्दा माथिको भूकम्प आएको मूल्याङ्कन गरिएको खण्डमा |
| महाभूकम्प प्रति सावधानी | ■नान्खाइ ट्रफ भूकम्पको पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्र भित्रको टेक्टोनिक प्लेटको सिमानामा M7.0 वा सोभन्दा माथि, M8.0 भन्दा कमको भूकम्प आएको मूल्याङ्कन गरिएको खण्डमा<br>■पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्रको टेक्टोनिक प्लेटको सिमाना बाहेकको वा, पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्र भित्रको ट्रेन्चको अक्ष भन्दा बाहिरपट्टि 50km जतिसम्मको परिधिमा M7.0 वा सो भन्दा माथिको भूकम्प आएको मूल्याङ्कन गरिएको खण्डमा<br>■दबेको वा उठेको नाप्ने Strainmeter ले नाप्दा उल्लेख्य बदलाब भएको देखिएमा र, छोटो अवधिमा टेक्टोनिक प्लेटको सिमानामा तिनका ढेस्सिएको अवस्थामा स्पष्ट रूपमा बदलाब भइरहने लगायत, साबिकको भन्दा फरक बिस्तारै खस्किँदै जाने Slow Slip भइरहेको अवलोकन या मापन गरिएको खण्डमा |
| छानबिन समाप्त | ■महाभूकम्प प्रति सतर्क हुनुपर्ने, महाभूकम्प प्रति सावधानी अपनाउनु पर्ने मध्ये कुनैमा पनि यो परिघटना पर्दैन भनी मूल्याङ्कन गरिएको खण्डमा |

## नान्खाइ ट्रफ भूकम्प सम्बन्धी व्याख्यात्मक जानकारी

- ■अवलोकन या मापन गरिएको असामान्य परिघटनाको छानबिन नतिजालाई सम्प्रेषण गरेपछिको अवस्थितिहरू सम्प्रेषण गरिने खण्डमा
- ■ "Nankai Trough Earthquake Assessment Committee (नान्खाइ ट्रफ किनाराको भूकम्प सम्बन्धी मूल्याङ्कन तथा विचार विमर्श कमिटि)"को नियमित बैठकमा छानबिन नतिजालाई सम्प्रेषण गरिने खण्डमा (तथापि, अस्थायी जानकारी सम्प्रेषण गरिने अवस्थामा बाहेक)

## सोधपुछ


内閣府 Cabinet Office

मन्त्रिपरिषद् नीति महानिर्देशक (विपद् रोकथाम प्रमुख)को कार्यालय
काउन्सिलर (छानबिन/ योजना प्रमुख)

〒100-8914 Tokyo-to Chiyoda-ku Nagata-cho 1-6-1
Chuo Goudou Chosha 8 Gou-kan
TTEL: 03-5253-2111 (प्रमुख मेन लाइन) FAX: 03-3501-6820
http://www.bousai.go.jp/jishin/nankai/

気象庁 Japan Meteorological Agency

भूकम्प तथा ज्वालामुखी डिभिजन

〒105-8431 Tokyo-to Minato-ku Torano-mon 3-6-9
TEL: 03-6758-3900 (मेन लाइन) FAX : 03-3434-9086
मौसम विज्ञान विभागको वेबसाइटको URL:
https://www.data.jma.go.jp/eqev/data/nteq/index.html



जारी मिति: सन् 2025 फेब्रुअरी



# नान्खाइ ट्रफ भूकम्प

## -त्यस बखतको तयारी-

**थाहापाइराखे आफू तथा आफ्ना महत्त्वपूर्ण व्यक्तिको जीवन रक्षा हुन्छ**

नान्खाइ ट्रफ भूकम्प भनेको, सुरुगावान-खाडी देखि ह्युगानादा मध्यसमुद्रको टेक्टोनिक प्लेटको सिमानामा केन्द्रबिन्दु पर्ने, विगतमा ठूलो क्षति गराएको ठूलो स्तरको भूकम्पमा पर्छ।


**तलका नान्खाइ ट्रफ भूकम्पहरू जतिखेर आएपनि अचम्म मान्नु पर्दैन।**




**!** अधिकतम भूकम्पीय कम्पन (सिन्दो) **7**

**!** पूर्वानुमानित सुनामीको उचाइ अधिकतम **30m** नाघ्ने

नान्खाइ ट्रफ भूकम्प आएर त्यसले, खान्तोउ-क्षेत्रदेखि सिकोकु-क्षेत्र/ क्युस्यु-क्षेत्रसम्मको अति व्यापक परिधिमा उल्लेखनीय विपद्जन्य क्षति भोग्नुपर्ने जोखिम रहेको छ
विशेषतः तटीय क्षेत्रमा सुनामीले गर्दा भयङ्कर क्षति व्यहोर्नुपर्ने सम्भावना रहन्छ।
ठूलो क्षति हुनसक्ने सम्भावित क्षेत्रमा, नान्खाइ ट्रफको भूकम्प प्रति तयारी गर्नुपर्ने आवश्यकता रहन्छ।



■ नान्खाइ ट्रफ भूकम्पको कारणले ठूलो क्षति हुने सम्भावित क्षेत्र

[ नान्खाइ ट्रफ भूकम्पजन्य विपद् रोकथामको प्रतिकदम प्रवर्धन क्षेत्र ]

**निर्धारित मापदण्डको रूपरेखा**

- ■भूकम्पीय कम्पनको लेभल (सिन्दो) 6- वा सो भन्दा माथिको क्षेत्र
- ■सुनामीको उचाइ 3□ वा सो भन्दा ठूलो भएर होचो समुन्द्री तटबन्द भएको क्षेत्र
- ■विपद् रोकथाम संरचनात्मक प्रणालीलाई सुनिश्चित राखि, विगतको विपद् प्रभावित इतिहास प्रति विशेष ख्याल राख्ने

## नान्खाइ ट्रफ भूकम्प आएमा...

एकैचोटि आउँछ कम्पन

### ! भूकम्प आयो

कम्पन महसुस हुन थालेमा पहिला आफ्नो जिउको सुरक्षा गर्ने


**घरभित्र** — टाउको जोगाउँदै टेबुल मुनि जस्ता मजबुत ठाउँमा लुक्ने



**घर बाहिर** — ब्लक पर्खाल वा बिजुलीको खम्बा, भेन्डिङ मेसिनहरू ढल्ने खतरा हुने ठाउँ भन्दा टाढा रहने



**तटीय क्षेत्रमा** — सुनामी उत्पन्न हुँदा या आउँदा, सुरक्षित स्थानमा आश्रय लिन जाने



### ! भूकम्प एकैचोटिमा नसक्किन नि सक्छ

~केही समयपछि फेरि आउन पनि सक्छ~




नान्खाइ ट्रफ महाभूकम्पको पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्र

(विगतको दृष्टान्त)

| सन् 1854 आन्सेइ तोउखाइ भूकम्प | सन् 1944 स्योउवा तोउ-नान्खाइ भूकम्प |
|---|---|
| M 8.6 | M 8.2 |
| करिब 32 घण्टापछि ↓ | करिब 2 वर्षपछि ↓ |
| M 8.7 | M 8.4 |
| सन् 1854 आन्सेइ नान्खाइ भूकम्प | सन् 1946 स्योउवा नान्खाइ भूकम्प |

* M भनेको मोमेन्ट म्याग्निच्युड
* पश्चिमपट्टि पहिले नै ठूलो स्तरको भूकम्प आउने सम्भावना पनि छ।

# ! केही समयपछि फेरि आउने महाभूकम्पको तयारी गरौँ

## ~ नान्खाइ ट्रफ भूकम्प सम्बन्धी अस्थायी जानकारी ~

- नान्खाइ ट्रफ भूकम्प आउने सम्भावना साबिकको भन्दा सापेक्षिक रूपमा बढेको भनी मूल्याङ्कन भएमा, मौसम विज्ञान विभागले "नान्खाइ ट्रफ भूकम्प सम्बन्धी अस्थायी जानकारी" सम्प्रेषण गर्नेछ।
- सरकार या स्थानीय सार्वजनिक सङ्गठनहरूले बोलाउँदा प्रतिक्रिया दिएर विपद् रोकथाम कार्यमा संलग्न होऔँ।

## भूकम्प आएपछिको विपद् रोकथाम कार्यको प्रवाह

**आएपछि**

नान्खाइ ट्रफको पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्र वा त्यसको आसपासमा M6.8 वा सो भन्दा माथिको भूकम्प आयो

नान्खाइ ट्रफको पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्रको टेक्टोनिक प्लेटको सिमानाको सतहमा साबिकको भन्दा फरक बिस्तारै खस्किँदै जाने Slow Slip उत्पन्न भइरहेको सम्भावना

उत्पन्न भएको 5 ~ 30 मिनेटपछि

ℹ नान्खाइ ट्रफ भूकम्प सम्बन्धी अस्थायी जानकारी (छानबिन भइरहेको)

**विपद् रोकथामका कार्य सुरु गर्नुपर्ने**

- टेक्टोनिक प्लेटको सिमानामा M8.0 वा सो भन्दा माथि भूकम्प (*1)
- M7.0 वा सो भन्दा माथिको भूकम्प (*2)
- बिस्तारै खस्किँदै जाने Slow Slip (*3)


**गर्नु नपर्ने**

- त्यस बाहेक

**2 घण्टाजति ~ 1 हप्ता***

ℹ नान्खाइ ट्रफ भूकम्प सम्बन्धी अस्थायी जानकारी (महाभूकम्प प्रति सतर्क)

■भूकम्प प्रतिको अग्रिम तयारीलाई पुनः चेक गर्ने आदि
■सुनामी आउँदा आश्रय लिन जान नभ्याउने केही क्षेत्रमा अर्को एक हप्ता आश्रय लिने कार्यलाई निरन्तरता दिने



राष्ट्रले गर्ने घोषणा अनुसारको क्रियाकलाप गर्ने

ℹ नान्खाइ ट्रफ भूकम्प सम्बन्धी अस्थायी जानकारी (महाभूकम्प प्रति सावधानी)

■भूकम्प प्रतिको अग्रिम तयारीलाई पुनः चेक गर्ने आदि



नान्खाइ ट्रफ भूकम्प सम्बन्धी अस्थायी जानकारी (छानबिन समाप्त)

■साबिकको जीवनयापन। तथापि, ठूलो स्तरको भूकम्प आउने सम्भावना टरिनसकेको कुरामा ध्यान दिने


* बिस्तारै खस्किँदै जाने Slow Slip अवलोकन या मापन गरिएको खण्डमा, खस्किन बन्द भएको मूल्याङ्कन नभएसम्म

**1 ~ 2 हप्ता**

·सतर्कताको प्रबन्ध हटाएर, अझै 1 हप्ता, भूकम्प प्रति सावधानीको प्रबन्ध अवलम्बन गर्ने।

■भूकम्प प्रतिको अग्रिम तयारीलाई पुनः चेक गर्ने आदि

■भूकम्प आउन सक्ने कुरामा सावधानी अपनाउँदै साबिकको जीवनयापन गर्ने। तथापि, ठूलो स्तरको भूकम्प आउने सम्भावना टरिनसकेको कुरामा ध्यान दिने



**2 हप्ता ~**

■भूकम्प आउन सक्ने कुरामा सावधानी अपनाउँदै साबिकको जीवनयापन गर्ने। तथापि, ठूलो स्तरको भूकम्प आउने सम्भावना टरिनसकेको कुरामा ध्यान दिने

*1 पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्रको टेक्टोनिक प्लेटको सिमानामा M8.0 वा सो भन्दा माथिको भूकम्प आयो
*2 पूर्वानुमानित केन्द्रबिन्दु क्षेत्र, वा त्यसको आसपासमा M7.0 वा सो भन्दा माथिको भूकम्प आयो (तथापि, टेक्टोनिक प्लेटको सिमानाको M8.0 वा सो भन्दा माथिको भूकम्प बाहेक)
*3 बासिन्दाले कम्पन महसुस नगर्ने, टेक्टोनिक प्लेटको सिमानाको सहतमा बिस्तारै खस्किँदै जाने Slow Slip ले गर्दा पृथ्वीको माथिल्लो सहत चल्न थालेको Diastrophism अवलोकन या मापन भएको जस्ता अवस्थाहरूमा